**नेकपा (माओवादी) द्वारा चरम शारीरिक यातनापश्चात् हत्या गरिएका गोरे भनिने सन्तबहादुर विकको बारेमा तयार पारिएको**

# स्थलगत अध्ययन–प्रतिवेदन

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति** (HRTMCC)
**सचिवालय**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
२०६३ भदौ २६

**सारांश**

घटनाको स्थलगत अध्ययनअनुसार नेकपा (माओवादी)ले सन्तबहादुर विकलाई चोरीको आरोपमा २०६३ भदौ २१ गते बेलुकी ६ बजे लम्जुङ जिल्लाको इशानेश्वर गाविस-१ पैराबनबाट आफ्नो कब्जामा लिई रात भरीको चरम शारीरिक यातनापश्चात् २२ गते बिहान हत्या गरेको पाइयो ।

सामान्य चोरीको आरोपमा सन्तबहादुरलाई यातना दिने क्रममा उनको मृत्यु भएको माओवादीले स्वीकार गरेको छ ।

माओवादीले सन्तबहादुरलाई कब्जामा लिएकै दिन उनकी श्रीमती, नाबालक छोरी, छोरा र भाउजुलाई समेत उनलाई भेटाइदिने भनी इशानेश्वर गाविस-२ लक्ष्मीबजार लगेको तर भेट नगराइकन नै राती ११ बजे फकाइएको पाइयो ।

घटनामा माओवादीको उक्त कार्यले मानवअधिकार तथा राष्ट्रिय कानुनको चरम उल्लंघन भएको पाइयो । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ तथा संविधानद्वारा प्रदत्त बाँच्न पाउने अधिकारको पूर्णरुपमा उल्लंघन भएकोछ । क्रुर यातना तथा अन्य अपमान तथा अमानवीय व्यवहार विरुद्धको महासन्धि १९८४ विपरितको कार्य माओवादीबाट भएकोछ । माओवादीले युद्धविरामको अवस्थामा सर्वसाधारणको हत्या गर्नु र शान्ति प्रक्रिया अगाडि बढाउन विभिन्न समयमा सात राजनीतिक दल तथा नेपाल सरकारसँग गरेको सम्झौता र समझदारीको उल्लंघन गरेकोछ । सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच २०६२ मंसिर ७ गते भएको १२ बुँदे समझदारी-पत्रको बुँदा नं. ८ मा शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने कुरामा प्रतिबद्धता व्यक्त गरिएको छ । यस घटनाबाट सो प्रतिबद्धताको समेत पूर्ण रुपमा (ठाँडो) उल्लघंन भएको छ ।

माओवादीले सन्तबहादुरलाई कब्जामा लिएपश्चात् हत्या गरिएको घटना अध्ययनबाट पाइएकोले अब यस्ता कार्यहरू नगरी मानवअधिकार तथा माओवादीले हालसम्म जनाएका मानवअधिकार प्रतिको प्रतिवद्धता, शान्ति सम्झौता र समझदारीको पालना गर्न र कब्जा पश्चात् हत्या गर्नेहरूलाई कारवाही गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति माग गर्दछ । साथै अब आइन्दा यस्ता खालका Congaroo Court को प्रयोग बन्द गर्न समेत माग गर्दछ । माओवादीले यस्ता कार्यहरू नगरी शान्ति स्थापनामा प्रतिबद्ध रहन पनि माग गर्दछ ।

## पृष्ठभूमि

२०६३ भदौ २१ गते बेलुकी ६ बजे लम्जुङ जिल्लाको इशानेश्वर गाविस-१, पैराबन निवासी गोरेबहादुर भनिने ३० वर्षीय सन्तबहादुर विकलाई उनको आफ्नै घरबाट केही बुझ्नु छ भनी नेकपा (माओवादी) को जनमिलिसियाको एक समूहले अपहरण गरी सोही गाविस-२, लक्ष्मीबजारस्थित स्थानीय रामकृष्ण परियारको घरमा लगे । विकलाई माओवादीले केही समयपछि फर्काइदिने भनी लगेका थिए । सोही दिन राती विककी पत्नी अप्सरा विक, उनकी ४ वर्षीय छोरी, ३५ दिने नाबालक छोरा र भाउजु चन्द्रकुमारीलाई समेत माओवादीले राती १० बजे सोही ठाँउमा उनलाई भेटाउन भनी लगेकोमा सन्तबहादुरलाई भेट नगराइकन नै राती ११ बजे घर फकाइदिएका थिए । सन्तबहादुरलाई भने माओवादीले गाँउघरमा पसलबाट चोरी गर्ने गरेको आरोपमा रातभरी कुटपिट गरे । माओवादीको चरम शारीरिक यातनाका कारण २०६३ भदौ २२ गते बिहान ५:१५ बजे उनको मृत्यु भयो । उक्त घटनाको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोलीले मिति २०६३ भदौ २३ गते देखि २४ गतेसम्म सत्यतथ्य पत्ता लगाउनस्थलगत अध्ययन गरेको थियो ।

### अध्ययनको उद्देश्य

१. घटनाको स्थलगत अध्ययन गर्ने ।
२. घटनाको सत्य तथ्य सहितको प्रतिवेदन तयार गर्ने ।

### अध्ययन पद्धती

१. घटनास्थ्लको अवलोकन ।
२. घटनाका प्रत्यक्षदर्शी, पीडित, घटनास्थल वरपरका मानिसहरूसँग घटनाका सम्बन्धमा बुझ्ने ।
३. घटनाका सम्बन्धमा माओवादी, नागरिक समाज र राजनीतिक दलका प्रतिनिधिसँग बुझ्ने ।

### मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट
### अध्ययन टोली

| | |
|---|---|
| १. लक्ष्मणदत्त पन्त | प्रलेख अधिकृत, इन्सेक, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा (टोली संयोजक) |
| २. भुपेन्द्र खनाल | प्रलेख अधिकृत, एडभोकेसी फोरम, पोखरा |
| ३. प्रेम सोङमेन | क्षेत्रीय संयोजक, बालमजदूर सरोकार केन्द्र, पोखरा |
| ४. खगराज आचार्य | अध्यक्ष, नेपाल मानवअधिकार संगठन, कास्की |
| ५. कृष्णप्रसाद अधिकारी | इन्सेक जिल्ला प्रतिनिधि, लमजुङ्ग |

### घटनाको संक्षिप्त विवरण

**घटना मितिः** २०६३ भदौ २२ गते
**घटना समयः** बिहान ५:१५ बजे
**घटनास्थलः** लमजुङ्ग जिल्ला, इशानेश्वर गाविस वडा नं.२, लक्ष्मीबजार स्थित रामकृष्ण परियारको घरको भुईतलाको कोठा ।
**पीडकः** नेकपा (माओवादी)
**पीडितः** सर्वसाधारण सन्तबहादुर विक

*तालिका नम्बर १*
**मृतकको विवरण**
**मृतक सर्वसाधारणको संख्याः १**

| क्र.स. | मृतक | लिङ्ग | उमेर | ठेगाना | पेसा | जम्मा संख्या | घटनाको प्रकृति |
|---|---|---|---|---|---|---|---|
| १. | सन्तबहादुर विक | पुरुष | ३० वर्ष | इशानेश्वर गाविस-१, लम्जुङ | मजदुरी | १ | कुटपिट गरी हत्या |
| **जम्मा** | | | | | | **१ जना** | |



*तस्बिरः १. माओवादीद्धारा शारिरीक यातनापश्चात हत्या गरिएका सन्तबहादुर बिकको लास ( घोप्टो अवस्थामा) ।*



*तस्बिरः २. मृतक सन्तबहादुरकी पत्नी २२ बर्षीय अप्सरा बिक ४ बर्षीय छोरी रोसनी विक र नाबालक छोराका साथमा ।*

**घटनास्थलको विवरण**

पश्चिम तिर टाउको, पूर्व गोडा, घोप्टो परेर टाउको दक्षीणतर्फ फर्केको, दाहिने हात पछाडी फर्केको, देब्रे हात थोरै हरमुनी परेको, देब्रे आँखा चिम्लिएको, दाहिने आँखा भुईतिर छोपिएको, मुखमा सेतो ढुसी देखिएको, निलो पाइन्ट, रातो टिशर्ट लगाएको, भित्र कालो टिशर्ट पनि लगाएको, खुट्टामा जुत्ता चप्पल केही नभएको, दाहिने हातको नाडीमा डोरीले बाँधेको डाम देखिएको, मुखबाट रगत समेतको उल्टी भएको र गुन्द्रीमा केही ढुसी पलाएको अवस्थामा लाश रहेको पाइयो । सन्तबहादुरको मृत शरिर रामकृष्ण परियारको पश्चिम फर्केको घरको भुईतलाको कोठामा रहेको पाइयो । लाशको नजिकै राती अगरवत्तीहरू बालेका खाली खोलहरू र सलाई, लाश कुर्न बस्नेहरूले ओछ्याएको गुन्द्रीहरू समेत भएको पाइयो ।

**घटना विवरण**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का जनमिलिसियाहरू सहित करिब ४१/४२ जनाको संख्यामा आएका माओवादीले २०६३ भदौ २१ गते इशानेश्वर गाविस वडा नं.२ स्थित लक्ष्मीबजारका घरहरूमा बाँडिएर खाना र बास बस्न मागे । सोही समूहका तीनजना माओवादीले सन्तबहादुर विकलाई उनको घरबाटै भदौ २१ गते राती करिब ९ बजेको समयमा नियन्त्रणमा लिई इशानेश्वर गाविस वडा नं.२, लक्ष्मीबजारस्थित रामकृष्ण परियारको घरमा ल्याएर राखी निज र निजका अन्य साथीहरू संलग्न भएका गाउँकै विभिन्न चोरीका घटनाहरूसँग सम्बन्धित कुराहरू सोधपुछ गरे । सोधपुछकै क्रममा सन्तबहादुरले माओवादीले लगाएका आरोपहरू स्विकार नगरेपछि उनलाई कुटपिट गरियो । कुटपिटको पीडाले चिच्याएको, कुटाइको पीडाले आत्तिएर पानी मागेको, उल्टी गरेको र त्यसपछि कुनै आवाज नआएको भन्ने पाइएको र माओवादी जनमिलिसियाको नियन्त्रणमा रहेको अवस्थामा उनको मृत्यु भयो । लाशको पोस्टमार्टम गरिएन ।

## घटनाका सम्बन्धमा मृतकका आफन्त (पीडित) को भनाई

**सरस्वती विक - ७०**

**मृतक सन्तबहादुरकी आमा**

मेरा दुई छोरा मध्ये मृतक कान्छो छोरा हो र म उसँगै बस्थें । म भोर्लेटार स्थित छोरीको घरमा पुगेर भदौ २३ गते फर्केर आउँदा बाटोमा घटनाको बारेमा थाहा पाएँ । हामी गरिब परिवारका भएकाले छोराले कहिले खोलामा खुँगा थापेर माछा मारेर, कहिले हलो जोतेर त कहिले कोदालो खनेर परिवार पालेको थियो । यो घटनाबाट हाम्रो परिवारमा बुहारी, दुई नाबालक छोराछोरी र म सहितको परिवारको विचल्ली भएको छ । छोरालाई रिसइवीले मारे होलान् जस्तो लाग्छ । दुई छोराहरू हुन । छोराहरू आ-आफ्नो परिवार लिई छुट्टिएर अलग अलग बस्दै आएका छन् । जेठो छोरा हाल कतार गएको छ । घरमा जग्गा जमिन केही पनि छैन । म कान्छो छोरा सन्तबहादुरसँग बसेकी छु । घटना भएको दिनमा म घरमा थिईन । छोरीको घर भोर्लेटार गएकी थिएँ । छोरीको घरबाट २३ गतेका दिन बिहान आउँदा गाउँको चिनेको मानिसले छोरालाई माओवादीले २१ गतेका दिन कब्जामा लिई लक्ष्मी परियारको घरमा ल्याई कुटपिट गरी मारेछन् भन्ने थाहा पाएकी हुँ । मेरो छोराले मार्नै पर्ने गरी के त्यस्तो गल्ती गरेको थियो ?

**अप्सरा विक - २२**

**मृतक सन्तबहादुरकी पत्नी**

भदौ २१ गते बुधवारका दिन श्रीमान दिन भरि माछा मार्नका लागि मिर्लुङ खोलामा गएर साँझको ४ बजेतिर मात्र आउनु भएको थियो । माछा मार्न जादा थकाई लागेको होला मैले चाँडै नै खाना बनाएर साँझको करिब ६ बजेतिर खाना खाई घरको बाहिर आँगनमा बसिरहेका थियौं । आफूलाई माओवादीको कार्यकर्ता बताउने दुई जना भदौ २१ गते साँझ करिब ६ बजेतिर मेरो घरमा आएका थिए । घरमा आएर हामी माओवादी हौं, खाना बनाई दिनुस् भने । मैले चामल के छ भनी दिदीको छोरीलाई भित्र हेर्न पठाएकी थिएँ । त्यही बेलामा एकजना माओवादीले श्रीमानलाई तपाईँसँग केही सोध्नु छ, तपाई हामीसँग लक्ष्मीबजार जानु पर्दछ भनी बताएका थिए । सो समयमा मैले किन र कहाँ लैजाने भनी विरोध गर्दा एकै छिनका लागि हो, केही कुरा सोधेर हामीले तुरुन्तै फर्काई दिन्छौं भनी माओवादीले बताएका थिए । घरबाट करिब साँझको ६:३० बजेतिर माओवादीले लिएर गएका हुन । सोही २१ गतेका दिन रातीको १० बजे पुनः माओवादीहरू मेरो घरमा आएर मलाई र जेठानी दिदी चन्द्र कुमारीलाई तपाईहरू पनि जानु पर्‍यो भनी लिन आएका थिए । मैले यति साना बच्चासँग रातीमा कसरी जाने भनी भन्दा जसरी पनि जानै पर्दछ भनी लिएर गए । मलाई र दिदी चन्द्र कुमारीलाई माओवादीले लक्ष्मीबजार ल्याएर भदौ १६ गते श्रीमान कहाँ हुनुहुन्थ्यो ? भनी सोधेका थिए । मैले र दिदीले घरमा नै हुनुहुन्थ्यो भनी बतायौ । तिमीले कुरा लुकायौ भने । मैले मेरो

श्रीमानलाई भेट्न दिनुहोस् भनें तर उनीहरूले तिम्रा श्रीमान यहाँ छैनन् तिमी घर जाउ, आत्तिनु पर्दैन, हामी राती ल्याई दिन्छौं भनेर मलाई घरसम्म पुऱ्याउन एकजना माओवादी पनि पठाए । श्रीमान राती पनि घरमा नआए पछि २२ गते बिहान आएर श्रीमान खोई भनेर सोधें, माओवादीले रामबजारतिर गएका छन्, घरमा चामल छैनहोला भनेर १ पाथी चामल र १ पोका तेल दिएर मलाई पुःन घर पठाए । भोक लाग्योहोला भनेर तीनओटा दुनोट पनि दिए । मेरो श्रीमान्लाई चोरी गरेको आरोपमा माओवादीले कब्जामा लिएर कुटपिट गरी मारेको कुरा मैले २३ गतेका दिन बिहान मात्र थाहा पाएकी हुँ । हाम्रो सम्पत्ती छैन । काम गरेर खाने हो । कसले मेरो श्रीमानलाई माऱ्यो त्यसलाई मैले चिन्न पाउनु पर्छ ।

## घटनाका सम्बन्धमा प्रत्यक्षदर्शीको भनाई

**रामकृष्ण परियार - ६२**

**(घटनास्थलका घरधनी), इशानेश्वर-२**

भदौ २१ गते वुधवार बेलुका ४१/४२ जना माओवादी मेरो घरमा आएर आफैं चिया पकाएर खान मागे र खाए । त्यसपछि खाना र बास बस्न मागे । भुईतला फोहर भएकोले सफा गर्नुपर्छ भनें । आएका माओवादी पुरुष र महिला आधा आधा थिए र उमेर १६/१७ वर्षदेखि २१/२२ वर्ष जतिका थिए । केहीले ड्रेस लगाएका पनि थिए । बेलुका ड्रेस फेरेर साधारण कपडा लगाए । उनीहरू आउँदा मृतक सन्तबहादुरलाई ल्याएका थिएनन् र कति बजे ल्याए मलाई थाहा भएन । माओवादी बसेको कोठाको माथी तलामा बसेर केके गर्दा रहेछन् भनेर चियाएर हेरें । सन्तबहादुरलाई डोलो दाउराले पिटेको देखें । राती करिब साढे १२ बजे तिर उनीहरू बसेको कोठामा मरें नि आमा... भनेको र ड्याम्म ड्याम्म पिटेको आवाज पनि सुनें । त्यसपछि पिसाब गर्छु, पानी खान्छु भने पछी विकलाई पिसाब गर्न बाहिर निकाले र पानी पनि खान दिए । त्यसपछि कुनै खैलाबैला भएन र म निदाएछु । बिहान ५ वजे तिर उठें र आज एक छाके हो घर सफा गर्नुपर्छ भनेर मैले भने पछि एकजना ६०/६५ वर्षका माओवादीले यहाँभित्र कोही छैनन् । अहिले यहाँ बसेका सबै थुम्सिकोट बाखेबजारतिर गएका छन्, बेलुका आउँछन् र सफा गर्छौं भने । २२ गते दिन भरी ढोका खोलेनन् र बेलुका ८ बजे तिर गाउँका करिब २/३ सय जति जम्मा भएर एकै चोटी ढोका खोल्दा अहिले जस्तो छ त्यही अवस्थामा लाश देख्यौं । आठजना माओवादीले अगरवत्ती बालेर कोठा भित्र रातभरी लाश कुरेर बसे ।

**रामकृष्ण पोखेल, ४४**

**शिक्षक, कल्याण निमावि ( इशानेश्वर-२, घटनास्थल संगैको घर निवासी)**

म घटना भएको रात घरमै थिएँ, मेरो घरमा पनि त्यो दिन केही माओवादी बसेका थिए । घटनास्थलको घर नजिकै भएकोले मैले सन्तबहादुरलाई कुटपिट गरेको आवाज सुनेको थिएँ । राती २ बजेसम्म चोट कहिले मासुमा त कहिले हड्डीमा हानेको सुने । ऐया-ऐया गरेको आवाज पनि प्रस्ट सुनिएको थियो । राती २ बजेपछि चोटको आवाज आएन् । त्यसपछि म सुतें । बिहान मेरो घरमा बसेको एकजना माओवादी मिलिसियाले गुरूङ भाषामा "गोरे स्याइरो" भन्यो । म गुरूङ भाषा बुझ्ने भएकोले सन्तबहादुर (गोरे)को मृत्यु भएको थाहा पाएँ । भदौ २२ गते दिउँसो २ बजे ढोकामा एकजना छापामार थियो, उसले भित्रजान दिएन । भित्र कोही छैन्, सन्तबहादुर छैन्, चावि छैन्, भित्र हेर्ने आदेश छैन् भन्यो । हामी समुदायका सबै मानिसले दबाब दिएपछि ढोका खोलियो र सन्तबहादुरको लाश त्यहा भेटियो । सन्तबहादुरको आचरण हेर्दा मार्नुपर्ने व्यक्ति होइन । यातना दिएर मार्नु माओवादीको भूल हो ।

**कुमार परियार-१६**

**भाचोक ९, कास्की (हाल माओवादीको कब्जामा)**

मलाई सुजन भन्ने पूर्व माओवादीले अह्राए अनुसार मैले माओवादी क्याम्पबाट एक थान ३०३ राइफल, ३४ राउण्ड गोली र एउटा ग्रीनेड लिएर भागेको थिएँ र यो इलाका लगायत सँगै जोडिएको कास्की जिल्लाका केही गाउँहरूमा पनि कहिले कुखुरा चोर्ने, कहिले पसलको चाउचाउ बिस्कुट आदि चोर्ने गर्दथें । मलाई चोरी गरेको आरोपमा गाउँले जनताले हतियारको गोली सहित पक्राउ गरे । मैले ती गोलीहरू जनतालाई नै बुझाई दिएँ । भदौ १७ गते मलाई जनताले माओवादीको जिम्मा लगाएका हुन् । मृतक सन्तबहादुर, म र सुजन एउटै समूहमा रहन्थ्यौं र सँगै चोरी गर्दथ्यौं । मृतकलाई चारजना माओवादीले नियन्त्रण गरेर ल्याएका हुन् । उ र म माओवादी नियन्त्रणमा परेपछि मैले सन्तबहादुरलाई के छ गोरे, सुजन कहाँ छ ? भनेर सोद्धा झर्केर तँलाई चिन्दिन भन्यो । त्यसपछि माओवादीले १/२ लाठी हाने र तँलाई चिन्छु भन्यो । पहिला उसले ढाँटेको हुँदा कुटपिट भएको हो र कुटपिटपछि सुजनलाई पनि चिन्छु भन्यो । मृतकलाई हात पछाडी लगेर बाँधेर खुट्टा, साँप्रा, ढाड आदी भागमा मोहन दाई भन्ने माओवादीले

पिटेका हुन् । मलाई पनि हात पछाडी बाँधेर पिटेका हुन् । म माओवादी नियन्त्रणबाट मुक्त भए पनि सुजनले छोड्दैन र मलाई सधैं खतरा हुन्छ, त्यसकारण म घरमा गएर बस्न सक्दिन ।

**ज्ञानप्रसाद अधिकारी**
**सचिव, नेकपा (एमाले), इशानेश्वर गाउँ कमिटी**

यस क्षेत्रमा माओवादीको नाममा चोरीको घटनाहरू निकै बढेर गएको थियो । चोरहरू पक्राउ गर्न सकिएको थिएन । हामीले थाहा पाए अनुसार माओवादीमा लागेर छाडेका व्यक्तिहरू ८ जनाको समूह मिलेर चोरी गर्दै हिँडेको भन्ने सुनेका थियौं । हामीलाई उक्त कुरा माओवादीका कार्यकर्ताहरूले नै बताउने गरेका थिए । माओवादीले पहिले माओवादीमा लागेर हिँडेको कास्की जिल्लाको भाचोक गाविस वडा नं. ९ मकैखोला निवासी कुमार परियार भन्ने एकजना व्यक्तिलाई आफ्नो कब्जामा लिएको बताएका थिए । कुमार परियारका अनुसार मृतक सन्तबहादुर पनि चोरी गर्ने समूहमा आबद्ध भई विभिन्न स्थानहरूमा चोरी गरी हिँडेको भनी माओवादीलाई बताएपछि उसैको भनाइको आधारमा गाउँघरमा गोरे भनी चिनिने सन्तबहादुर विकलाई माओवादीका कार्यकर्ताहरूले २०६३ भदौ २१ गते बुधबारका दिन साँझको करिब ६ बजेतिर मृतकको घरबाट लिएर आएका रहेछन् । माओवादीका कार्यकर्ताहरूले सन्तबहादुरलाई इशानेश्वर गाविस वडा नं. २ लक्ष्मीबजारका रामबहादुर परियारको घरमा लिएर आएका रहेछन् । सो अवस्थामा लक्ष्मीबजारका गाउँलेहरूको घरमा करिब ४० जना जति माओवादीका कार्यकर्ताहरू आएर बसेका थिए भन्ने सुनेको थिएँ । माओवादीका कार्यकर्ताहरूले साँझ आफ्नो कब्जामा लिएपछि सन्तबहादुर विकलाई बाँधेर राती कुटपिट गरेका रहेछन । चोरीको आरोपमा माओवादीले कब्जामा लिएका सन्तबहादुरलाई माओवादीका जिल्ला नेता साधुराम भनिने प्रभु घिमिरेको नेतृत्वमा रहेको माओवादीको समूहले रामकृष्ण परियारको घरमा यातना दिई हत्या गरेको हो । स्थानीय बासिन्दाहरूले पनि माओवादीले सन्तबहादुरलाई कुटपिट गरेको बाहिरबाट नै सुनेको बताएका थिए । माओवादीहरू २२ गतेका दिन बिहान रामकृष्ण परियारको घर छाडि गएका हुन् । उनीहरू बसेको कोठामा ताला लगाएको र त्यहाँ बिहान एक जनामात्र माओवादी थिए । उनलाई गाउँलेहरूले हिजो कब्जामा लिएको व्यक्तिलाई कहाँ राखिएको छ ? भनी सोधपुछ गर्दा विश्वास लाग्दो जानकारी माओवादीले नदिएपछि गाउँलेहरूले नै जबर्जस्ती ढोका खोली हेर्दा सन्तबहादुरलाई मृत अवस्थामा भेटेका हुन् । माओवादीले आफूहरूले दिएको यातनाको कारण सन्तबहादुरको हत्या भएको हो भनी गाउँलेहरू समक्ष स्विकारेका छन् । सामान्य चोरीको आरोपमा आफ्नो कब्जामा लिई माओवादीले चरम यातना दिई सन्तबहादुर वि.क. को हत्या गरिनु मानवअधिकारको चरम उल्लघंन हो ।

## घटनाको सम्बन्धमा माओवादीको भनाई

**प्रभु घिमिरे, "साधुराम"**
**मनाङ्ग लमजुङ्ग संयुक्त जिल्ला समिति सदस्य तथा ५ नं एरिया समिति इन्चार्ज**

मृतकलाई कुखुरादेखि पसल चोरीसम्मका आरोप स्थानीय गाउँलेहरूबाट लागिरहेको थियो । साथै कुमार परियारले पनि विभिन्न चोरीका घटनामा संलग्नता खुलायो र सन्तबहादुरलाई जनमिलिसियाको एउटा सेक्सन (११/१२ जनाको समूह) ले नियन्त्रणमा लिएर आयो भन्ने जानकारी मलाई पछि प्राप्त भयो । कसैलाई पनि सफाया गर्ने मार्ने हाम्रो नीति नभएको हुँदा नियतवश सन्तबहादुरलाई मारिएको होइन । **सोधपुछको क्रममा मिलिसियाबाट कुटपिट हुँदा यातना बढी भएको कारणबाट मृत्यु भएको हुन सक्छ । यातना दिएको होइन भन्न मिल्दैन । अनुसन्धानको क्रममा यातना भएको हो** । २२ गते बिहान सवा ५ बजे तिर मृत्यु भएको भन्ने जानकारी पाएँ । **हामीबाट गल्ती भएको छ** । केही व्यक्तिहरूबाट चोरीका घटना सँगसँगै पार्टीका हतियार अन्यत्र लैजाने क्रम पनि देखिएकोले पार्टीले सर्च अभियान पनि चलाउने सोचेको छ । हामीबाट शान्ति प्रक्रियालाई असर गर्न खोजिएको होइन । मृतकको परिवार आर्थिक रुपमा कमजोर भएकोले दाहसंस्कारका लागि पार्टीले रु ३०००। दिने कुरा भएको छ । घटनामा संलग्नलाई कार्वाही गर्न जिल्ला पार्टीको बोर्ड बस्छ र सम्बन्धित ठाउँमा सार्वजनिक गरिन्छ । दोषीलाई कार्वाही पछिको सजाय भनेको श्रम शिविर हो ।

**घटनाका सम्बन्धमा प्रशासनको भनाई**
**ज्ञानप्रसाद शर्मा पंगेनी**
**प्रमुख जिल्ला अधिकारी, लम्जुङ्ग**

घटनाको बारेमा सबै कुरा थाहा भएन । प्रहरीसँग बुझ्दा सुरक्षाको कारण  र घटनास्थल टाढा भएकोले जान सकेनौं । पीडितलाई राहत दिन पहल गरिने छ । सिभल ड्रेसमा प्रहरी खटाएर घटनाको जानकारी लियौं । किटानी जाहेर गर्न बाँकी छ  ।

**निष्कर्ष तथा सुझाव**

प्रत्यक्षदर्शी, पीडित तथा स्थानीयबासी र घटनाको स्थलगत अध्ययन अनुसार  नेकपा (माओवादी) ले सन्तबहादुर विकलाई चोरीको आरोपमा आफ्नो नियन्त्रणमा लिई हत्या गरेको पाइयो ।

मृतक सन्तबहादुरलाई माओवादीले कब्जामा लिइसकेपछि चरम शारिरीक यातनापश्चात हत्या गरेको घटनाको प्रकृतिले देखाउँछ ।

सामान्य चोरीको आरोपमा सन्तबहादुरलाई यातना दिने क्रममा उनको मृत्यु भएको माओवादीले स्वीकार गरेको छ ।

माओवादीले सन्तबहादुरलाई कब्जामा लिएकै दिन उनकी श्रीमती, नाबालक छोरी, छोरा र भाउजुलाई समेत उनलाई भेटाइदिने भनि इशानेश्वर गा.वि.स.वडा नं. २, लक्ष्मीवजार लगेका थिए । तर उनीहरू कसैलाई पनि भेट नगराइकन नै राती ११:०० बजे फर्काइएको थियो ।

घटनामा माओवादीको उक्त कार्यले मानवअधिकार तथा राष्ट्रिय कानुनको चरम उल्लंघन भएको पाइयो । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ तथा संविधानद्वारा प्रदत्त बाँच्न पाउने अधिकारको पूर्णरुपमा उल्लंघन भएकोछ । क्रुर यातना तथा अन्य अपमान तथा अमानवीय व्यवहार विरुद्धको महासन्धि १९८४ विपरितको कार्य माओवादीबाट भएकोछ । माओवादीले युद्धविरामको अवस्थामा सर्वसाधारणको हत्या गर्नु र  शान्ति प्रक्रिया अगाडि बढाउन विभिन्न समयमा सात राजनीतिक दल तथा नेपाल सरकारसँग गरेको सम्झौता र समझदारीको उल्लंघन गरेकोछ । सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच २०६२ मंसिर ७ गते भएको १२ बुँदे समझदारी-पत्रको बुँदा नं. ८ मा शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने  कुरामा प्रतिबद्धता व्यक्त गरिएको छ । यस घटनाबाट सो प्रतिबद्धताको समेत पूर्ण रुपमा (ठाँडो) उल्लघंन भएको छ ।

माओवादीले सन्तबहादुरलाई कब्जामा लिएपश्चात हत्या गरिएको घटना अध्ययनबाट पाइएकोले अब यस्ता कार्यहरू नगरी मानवअधिकार तथा माओवादीले हालसम्म जनाएका मानवअधिकार प्रतिको प्रतिवद्धता, शान्ति सम्झौता र समझदारीको पालना गर्न र कब्जा पश्चात हत्या गर्नेहरूलाई कारवाही गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति माग गर्दछ । साथै अब आइन्दा यस्ता खालका Congaroo Court को प्रयोग बन्द गर्न समेत माग गर्दछ । माओवादीले यस्ता कार्यहरू नगरी शान्ति स्थापनामा प्रतिबद्ध रहन पनि माग गर्दछ ।

यस घटनामा एक जना सर्वसाधारण मजदूरको यातनापश्चात हत्या गरिएको र उनको मृत्युपछि श्रीमती तथा नाबालक छोराछोरीको जीवन गुजार्न समेत समस्या देखिएकोले मृतकका परिवारलाई उचित क्षतिपुर्ति दिन मानवअधिकार सन्धि अनुगमन समन्वय समिति माग गर्दछ ।